# Asian Productivity Organization
# “The APO in the News”

Name of publication: Gorkhapatra Daily (17 September 2014, Nepal)

# उत्तम कृषि अभ्यास अध्ययन पूरा

▪ केदार भट्टराई

टोकियो (जापान), भदौ ३१ गते। एसियाली उत्पादकत्व सङ्गठन (एपीओ)को आयोजनामा सञ्चारकर्मीहरूका लागि सञ्चालित एक साताको उत्तम कृषि अभ्यास अध्ययन भ्रमण आइतबार सम्पन्न भएको छ।

नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का, थाइल्यान्ड, लाओ, मलेसिया, मङ्गोलिया, इन्डोनेसिया, कम्बोडिया र फिलिपिन्स र दक्षिण कोरियाका छापा र टेलिभिजनमा कार्यरत १७ जना सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो। त्यस अध्ययन भ्रमणमा जापानले परम्परागत र आधुनिक कृषि प्रणालीबाट बढाएको उत्पादकत्व र त्यसबाट सहभागी देशहरूले के के कुरा अवलम्बन गर्न सक्छन् भन्ने विषयमा विज्ञहरू, कृषक, अनुसन्धानकर्ता र प्राध्यापकहरूले जानकारी दिएका थिए।

आर्थिक विकासका लागि जापानले कृषि, उद्योग र सेवाको राम्ररी विकास गरेको छ। औद्योगिक विकास गर्दै आएकोमा कृषि, वन र मत्स्य पालनको संयोजित विकास गर्दै छैटौं तहको औद्योगिक विकासको अवधारणाअनुरूप काम गरिरहेको जानकारी त्यस अवसरमा दिइएको थियो।

त्यस्तै, लामो समयदेखिको विकासको आधारका रूपमा रहेको कृषिअन्तर्गत, स्याउ, चिया, लसुन, चेरी, धान, गोलभेडा आदिको उत्पादन र प्रशोधन, भण्डारण र बजार व्यवस्थामा भइरहेका नयाँ अनुसन्धान र विकासको जानकारी दिइएको थियो।

बढी र राम्रो कृषि उत्पादन दिने र त्यसबाट कृषकले उचित मूल्य पाउने अवस्था सिर्जनाका लागि भएका सफल संस्थागत अनुसन्धानहरूका बारेमा पनि सहभागीहरूलाई जानकारी गराइएको थियो।

त्यस्तै कृषि कला र समूह, सहकारीकरण र पाहुना आवास (होम स्टे)जस्ता कार्यबाट कृषि पर्यटनको विकास र विस्तारका नयाँ सम्भावनाका बारेमा पनि सञ्चारकर्मीहरूलाई जानकारी गराइएको थियो।

सञ्चारकर्मीहरूलाई एपीओका गतिविधिका बारेमा जानकारी दिँदै एपीओका महासचिव मारी अमानोले कृषि अन्य उद्योगबाट अलग रहन नसक्ने भएकोले कृषिमार्फत उत्पादकत्व र आर्थिक विकास गर्न सकिने बताउनुभयो।

एपीओको कृषि विभागका निर्देशक जे. बर्नार्डोले जापानमा भएको कृषिकोविकासलाई सञ्चारकर्मीहरूले आफ्नो देशमा कसरी उपयोग गरी उत्पादकत्व वृद्धि गर्न सक्छन् भन्ने ज्ञान दिलाउनु कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो।

उत्पादकत्व वृद्धिको क्षेत्रमा संयुक्त काम गर्नका लागि नेपाल, चीन, भारत, जापान, कोरिया, फिलिपिन्स, थाइल्यान्ड र हङकङको पहलमा सरकारीस्तरमा सन् १९६१ मा स्थापना भएको एपीओमा पछि अरू पनि देशहरू सदस्य बनेका छन्।

नेपालमा उद्योग मन्त्रालय र नेपाल राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडले एपीओसँग मिलेर काम गरिरहेका छन्।